annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२८, पृष्ठ ८ | काठमाडौं, शनिबार १४ चैत २०८२ | चैत्र शुक्लपक्ष दशमी, नेपाल संवत् ११४६ | SATURDAY, MARCH 28, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

## सिंहदरबारको साँचो बालेनको हातमा

नेपालको राजनीतिक इतिहासमा एक अभूतपूर्व 'प्याराडाइम सिफ्ट' गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र (बालेन) शाहले मुलुकको प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हालेका छन् । ३६ वर्षीय शाह विश्वकै बहालवाला प्रधानमन्त्रीहरूमध्ये सबैभन्दा कम उमेरका कार्यकारी प्रमुख बन्दै झन्डै दुईतिहाइ बहुमतका साथ सत्तारोहण गरेका हुन् ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २

टिप्पणी

## बालेनको उदय : सत्ताको फेरबदल कि नयाँ अध्याय ?

**सञ्जीव कार्की**

विश्वकै बहालवाला प्रधानमन्त्रीहरूमध्ये सम्भवत: सबैभन्दा कान्छा बालेन्द्र शाह नेपालको प्रधानमन्त्री भएका छन्। उनको उदयमात्रै सत्ता परिवर्तन होइन, यो इतिहासले ढिलो गरी दिएको स्वीकारोक्ति, बहिष्कृत आवाजहरूको पुनरागमन र समावेशी लोकतन्त्रतर्फको युगान्तकारी मोड हो।

२०६५ मा मधेसीमूलका डा. रामवरण यादव राष्ट्रपतिमा निर्वाचित भए पनि त्यो पद कार्यकारी थिएन। त्यसैले कार्यकारी अधिकारसहित झन्डै दुईतिहाइ जनसमर्थनका साथ शाहको प्रधानमन्त्रीत्व एक विशिष्ट राजनीतिक क्षण बनेको छ। नेपालको राजनीतिक पुनर्संरचनाको संकेतका रूपमा यस सन्दर्भलाई बुझ्न सकिन्छ।

यो उपलब्धि उत्सवयोग्य भए पनि अन्ध उत्सव होइन। यो एकैसाथ विशाल सम्भावना र गम्भीर जोखिम बोकेको युगान्तकारी अवसर हो। यस विशेष घटनालाई युग परिवर्तनको मानक मान्दामान्दै पनि त्यसलाई अन्ध उत्सवका रूपमा प्रस्तुत नगरी 'सम्भावना र जोखिम' दुवैको सन्तुलित विवेचना यहाँ गरिन्छ।

नेपालको प्रधानमन्त्री पदको इतिहास केवल सत्ता परिवर्तनको कथा होइन, यो राज्यको सामाजिक बनोट, शक्ति-वितरण र ऐतिहासिक बहिष्करणको जटिल अभिलेख हो। भीमसेन थापादेखि सुरु भएको केन्द्रीय सत्ता लामो समयसम्म सीमित जातीय-सांस्कृतिक घेरामै केन्द्रित रह्यो। राणा, पञ्चायत र बहुदलीय प्रजातन्त्र–सबै राजनीतिक रूपान्तरण भए तर सत्ताको सामाजिक चरित्रमा गहिरो पुनर्संरचना हुन सकेन।

» बाँकी पृष्ठ ६




## नेपाल प्रहरी र सशस्त्र प्रहरी 'हाई अलर्ट'मा

**काठमाडौं** (अन्नपूर्ण): नेपाल प्रहरी र सशस्त्र प्रहरी बल मुख्यालयले एसपीदेखि जवानसम्मलाई 'हाई अलर्ट'मा रहन सर्कुलर जारी गरेको छ। दुवै सुरक्षा निकायले शनिबार बिहान ७ बजेभित्र हेड क्वार्टर र अन्य युनिटको हकमा ७ बजे नै चुस्ता पोसाकमा तयारी हालतमा बस्न सर्कुलर जारी गरेको उच्च सुरक्षा स्रोतले जनाएको छ।

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले सुरक्षा प्रमुखहरूसँग शुक्रबार राति छलफल गरेलगत्तै दुवै हेड क्वाटरले आफ्ना सबै प्रहरी कर्मचारीलाई तयारी अवस्थामा रहन निर्देशन दिएको हो।

गृहमन्त्री गुरुङले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालसँग करिब डेढ घण्टा लामो छलफल गरेका थिए। उनीहरूबीच पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गर्नेबारे छलफल भएको थियो।

नवगठित मन्त्रिपरिषद्को शुक्रबार बसेको पहिलो बैठकले गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय गरेको थियो।

यसैबीच सरकारले पक्राउ गर्ने तयारी गरेसँगै ओलीलाई भेट्न पूर्वगृहमन्त्री लेखक शुक्रबार राति गुन्डु पुगेका थिए। एमालेका २३ वटा जनवर्गीय संगठनले राति नै विज्ञप्ति जारी गर्दै प्रतिरोधको चेतावनीसमेत दिएका छन्।

## बालेनका सारथी

### युवामय बालेनको टिम



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय नयाँ मन्त्रिमण्डल गठन भएको छ, जसमा अधिकांश मन्त्रीहरू युवा छन्। ४० वर्षमुनिका मात्रै १० जना मन्त्री छन्। बालेनको मन्त्रिमण्डलमा ३३ प्रतिशत महिला समेटिएका छन्। १५ सदस्यीय मन्त्रिमण्डलमा ५ जना महिला छन्। काठमाडौंबाटै ३ मन्त्री भएका छन्। ३६ वर्षका प्रधानमन्त्री बालेनले आफूसँगै रक्षा र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय राखेका छन्।

**स्वर्णिम वाग्ले (५१ वर्ष)**
*अर्थमन्त्री*

रास्वपाका उपसभापति स्वर्णिम वाग्ले अर्थमन्त्री बनेका छन्। उनी बालेन सरकारको वरीयता क्रममा दोस्रो स्थानमा छन्। तनहुँ-२ बाट निर्वाचित वाग्ले दोस्रोपटक प्रतिनिधिसभामा निर्वाचित भएका हुन्। उनी अर्थविज्ञका रूपमा परिचित छन्। अस्ट्रेलियन नेसनल युनिभर्सिटीबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका अर्थमन्त्री वाग्ले शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष बनेका थिए। ५१ वर्षीय वाग्ले राष्ट्रसंघीय विकास कार्यक्रमको एसिया प्रशान्त क्षेत्रको प्रमुख आर्थिक सल्लाहकारका साथै सर्वाङ्गीण विकास अध्ययन केन्द्र, विश्व बैंक र काठमाडौं विश्वविद्यालयमा पनि आबद्ध भएर काम गरेका छन्। फागुन २१ को निर्वाचनअघि नै रास्वपा सभापति रवि लामिछानेले उनलाई भावी अर्थमन्त्री भन्दै प्रचार गरेका थिए।

**सुधन गुरुङ (३८ वर्ष)**
*गृहमन्त्री*

सुधन गुरुङले शक्तिशाली गृह मन्त्रालयको जिम्मेवारी पाएका छन्। देशको शान्ति सुरक्षाको जिम्मा, ७७ वटै जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागजस्ता महत्त्वपूर्ण संरचनाको कमान्ड गृहले गर्छ। सबैभन्दा आकर्षक मन्त्रालयको जिम्मेवारी गुरुङले पाएका छन्।

» बाँकी पृष्ठ ६